# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, जेठ ३२ गते, २०८१ साल (अतिरिक्ताङ्क ०९

## भाग ३

### गण्डकी प्रदेश सभा सचिवालयको सूचना

गोरखा जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं २ को प्रदेश सभा निर्वाचन क्षेत्र नं १ बाट गण्डकी प्रदेश सभामा निर्वाचित सदस्य फणीन्द्र देवकोटालाई सम्बन्धित संसदीय दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) गण्डकी प्रदेश सभा संसदीय दलको कार्यालयबाट राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३४

बमोजिम मिति २०८१।०२।३२ मा प्राप्त पत्रानुसार सम्बन्धित दलबाट निष्कासन गरी दल त्याग गरेको व्यहोराको जानकारी प्राप्त हुन आएकोले सोही ऐनको दफा ३५ र गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम २०७ बमोजिम गण्डकी प्रदेश सभाका माननीय सभामुखज्यूद्धारा मिति २०८१।०२।३२ गतेको गंण्डकी प्रदेश सभाको बैठकमा जानकारी गराउनु भएको साथै राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३६ को उपदफा (१) तथा गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम २०८ बमोजिम प्रदेश सभा सदस्यको उक्त स्थान रिक्त भएकोले सोही नियमावलीको नियम २०१ को उपनियम (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
हरिराज पोखरेल
प्रदेश सभा सचिव

मुद्रक: गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । मूल्य रु १०।-